## म भाग्यलाई मान्दिन। भाग्य भनेको कर्ममा भर पर्ने कुरा हो। कर्म गर्दै गयो भने कर्म अनुरुप फल पाईन्छ।

-खड्ग गर्बुजा मगर, लोक गायक

लोक दोहोरी फाँटमा खड्ग गर्बुजालाई हामी निकै माथि पाउँछौं । लाहुरे बन्ने धुनमा भारतसम्म पुगपछि अन्तिम चरणमा फालिंदा एक वर्ष त्यतै काम गरि गाउँ फर्कदा ब्रिटिश लाहुरेको लागि उभिंदा गाउँमा छनोट भएपश्चात भीरबाट खसेर अपाङ बनेका क्षणबाट संघर्ष गर्दै यो अवस्थासम्म आईपुग्न उनलाई निकै कष्टप्रद भयो होला तर कला भएका खड्ग गर्बुजालाई कलाले नै धेरै साथ दियो । उनको जीवनको संघर्षपूर्ण यात्राबारे मेजन पुन मगरसँग भएको कुराकानी :

### बाल्य अवस्था

सामान्य परिवारमा जन्मेका किसानको छोरो कहिले घाँस, कहिले दाउरा गर्दै गर्दा पढाईले निरन्तरता पाउन सकेन । कहिले पास, कहिले फेल हुँदै कक्षा ६ सम्म गाउँकै श्री जनविकास मा.वि. मा पढें । म २०२६ साल माघ २५ गते म्याग्दी जिल्ला मराङ गा.वि.स.- ७ मा बुबा भीमप्रसाद गर्बुजा मगर र आमा उलमति गर्बुजा मगरको २ छोरा र ३ छोरी मध्ये कान्छा छोराको रूपमा जन्मेको हुँ ।

### यौवन अवस्था

पढ्न छाडेर बसेको भारतीय सैनिकमा भर्ती हुन २०४२ सालतिर गाउँका युवाहरूसँग गएँ । फाइनल चरणसम्म पुगेर छनोट भइएन । एक वर्ष त्यतै सर्कसतिर रिङ्गमा काम गर्दै बिताएँ । १६ वर्षे उमेरमा गाउँ फर्केर दरवाङ हाईस्कूलमा पढ्न बागलुङ्ग गई ९ कक्षाको किताब किनेर ल्याएँ । पुस महिनामा भीर बार्ने, घाँस फुकाउने, खर काट्ने चलन अनुसार भीरमा खर काट्न जाँदा भीरबाट लडेर मेरो खुट्टा चल्न नसक्ने भयो । त्यो भन्दा अलि अगाडि गाउँमा गल्ला आएको थियो । इन्डियामा फालिएको मान्छे नापिएको लिई हाल्यो । खुब खुशी थिएँ । एरोमा देखिन आउन १ महिना बाँकी थियो, त्यो दुर्घटना भयो ।

म खसेको भीर एकदम अप्ठ्यारो छ । लगभग २ सय मिटर तल खसेको रहेछ । मलाई, भीरमा फिरफिरेको रूखले नअडाएको भए नौलिस्ने खोला (जसले मराङ्ग र विम गा.वि.स.लाई छुट्टयाउँछ) मा खसेर यो शरीर टुक्रा टुक्रा हुने थियो । जुन दुर्घटना २०४३ साल पुस ८ गते घटेको हो । यसरी दुर्घटना भएपछि लाहुरे हुने मेरा सपनाहरू सबै भताभुङ्ग भए ।

दुर्घटना भएपछि हिंड्न त परै जाओस् म चल्न पनि सक्दैन थिएँ । मलाई आँगनमा घाममा पल्टाएर परिवारका सदस्यहरु मेलापात गर्न जान्थे । कान्छा बाले मलाई साथी हुन्छ भनेर रेडियो सुन्न दिएका थिए- त्यही रेडियो दिनभरि सुन्दै बस्थें । रेडियो सुन्ने, रेडियोसँगै आँगनमा बसेर गीत गाउने/कराउने गर्दथे, त्यतिबेला म । त्यो रेडियो नै मेरो सबैभन्दा मिल्ने साथी थियो मेरो ।

त्यसरी गीत गाउँदा गाउँका मान्छेहरूले सुनेर यो अब पागल हुन्छ । तेरो छोरालाई अब धेरै गीत गाउन नलगाई अब त्यो बहुलाउँछ भनेका रहेछन् । एक दिन बाबा मेरो छेऊमा आएर–'छोरा भाग्यले भए पनि जेले भए पनि यो दुर्घटना भयो । अब चित्त बुझाई धेरै बैरागी नभई' भनेर सम्झाउनु भो । तर बरालिएको मन किन मान्थ्यो र ! गीत गाउन छाडेन यो विरक्तिएको मनले ।

निगलाबाट माहुरी बाजा बनाएर गीतको साथ त्यो बाजा बजाउँदा राम्रो सुनिने हुँदा अलि पछि गाउँमा रमाइलो गर्नुपर्दा, गीत गाउनुपर्दा मलाई बोकेर लैजान थाले । अझ पछि त वरपरका गाउँमा लाग्ने मेला, पर्वमा समेत बोक्दै लैजान थाले साथीहरू । गाउँमा तरूनी थुन्ने चलन थियो । अझ पनि होला भन्छु । तरूनी थुन्दा गीत गाउनु पर्ने, साथीहरूलाई चाहिं गीत गाउन नआउने हुँदा मलाई नै बोकेर लैजान्थे । गीत गाउँदा कस्तो राम्रो गीत गाएको भनेर रून्थे पनि । मैले लय रेडियोबाट सिकेर शब्द आफैले बनाएर गाउने गर्थे त्यो सुनेर बुढाबुढीहरू धरधर्ती रून्थे । उनीहरू रूँदा गीत गाउन मलाई अझ हौसला मिल्थ्यो । आफ्नो प्रतिभाले कसैलाई रूवाउँछ-हसाउँछ भने त्यो नै एउटा कलाकारको सफलता नै त हो ।

यसरी हौसला बढ्दै जाँदा आफूलाई पनि रेडियो नेपालमा गएर गीत गाउने चाहना जागेर आयो । पञ्चायतकालिन अवस्था अञ्चलाधिस, राष्ट्रिय पञ्चायत सदस्यहरू सबैलाई भेटेर काठमाडौं कुनै संघ-संस्थामा मलाई रोजगारको व्यवस्था मिलाई दिन निवेदन गरे । तर उनीहरूले व्यवस्था मिलाउन सकेनन् । संगीतप्रतिको मोह र रेडियो नेपालमा गाउने चाहनाले गर्दा गाउँले र बाबाले जान नदिंदा-नदिंदै पनि म गाउँकै एकजना दाईलाई बोक्न अनुरोध गरि २०४६ सालतिर गाउँबाट बिदा भएँ ।

काठमाडौंमा तँ जस्ता अपाङ्ग कत्ति छन्- कत्ति, सबैले मागेर खाएका छन् । तँ पनि मागेर खानुपर्छ, दुःख पाउँछस् भो नजा भनेर बाबाले सम्झाउनु भएका ती कुराहरू गीत गाउने तीब्र मोहको अगाडि केही लागेन ।

म भीरबाट खसेर अपाङ्ग भएको अर्को वर्ष आमालाई पनि प्यारालाइसिस भयो । घरमा २-२ जना अपाङ्ग भएर बस्दा मेरो परिवार साह्रै विरक्त लाग्दो भयो । दुईदुई जना अपाङ्ग बनेपछि घरमा हेरचाह गर्न गाह्रो भयो । मन साह्रै रून्थ्यो । त्यसैले पनि प्यारालाइसिस भएको आमालाई धुरूधुरू रूवाउँदै म गाउँबाट हिंडे ।

त्यतिबेलासम्म वरिपरिको गाउँमा म माहुरी बाजा बजाउने/राम्रो गाउने मान्छे भनेर परिचित भइसकेको थिएँ । एक जना दाईले बोकेर दरवाङ आउँदा त्यहाँको हेडमास्टरले मेरो सहयोगको लागि एउटा कार्यक्रम राख्नुभएको रहेछ । बेलुकी खाना खाइसकेपछि कार्यक्रम गऱ्यौं । भोलि बिहान हेडमास्टरले ६ हजार हातमा थमाई दिनुभो । त्यो पैसा पाएपछि अझ आत्मबल बढ्यो । त्यसपछि सिंह तातोपानीमा आउँदा त्यहाँ पनि (रेडियो नेपालको पुरानो कलाकार नरबहादुर) कार्यक्रम रहेछ । त्यहाँ पनि रातभरि गीत गाउँदै बस्यौं । भोलि बिहान वहाँहरूले मेरो हातमा ५ हजार थमाइदिनु भयो ।

यसरी सदरमुकाम आएपछि अञ्चलाधिस, सभापतिहरूसँग भेटगरि बिन्ति गर्दा श्री ५ को सरकारको सवारी हुन थालेको रहेछ । हतार छ, पछि भेट्न आउनु भनी मलाई झन घरतिर फर्कन लगाए । श्री ५ को सरकार समक्ष वहाँहरू मार्फत बिन्तिपत्र चढाउने मेरो रहर पुरा भएन । एक महिना गाउँ फर्केर बसेपछि पुनः बेनी फर्केर वहाँहरू समक्ष बिन्ति गर्दा वहाँहरूले मलाई कुनै व्यवस्था मिलाई दिनसक्नु भएन ।

बेनी आएको बेला ब्रिटिशको पेन्सन क्याम्प खुलेको रहेछ । एक जना उपाध्याय बाहुनले तिमी गीत गाऊ २/४ पैसा हुन्छ म बटुल्छु भनेर फकाएर लग्यो । त्यसरी माग्ने चाहना त होइन मेरो, तर रेडियोमा गीत गाउँने लालसाले मैले गीत गाएँ । स्वईच्छाले पेन्सनरहरूले दिएको सहयोग स्वरुप उठेको पैसा ३ दिनमा १५ हजार भएको रहेछ । त्यही बाहुनले, बागलुङ्गमा फेरि इन्डियाको पेन्सन क्याम्प खुल्दैछ त्यहाँ जाऊ भन्यो र ऊ पनि बिचरा हाम्रो पछि लाग्यो ।

यसी त्यहाँ पनि ६ दिनसम्म बिहानदेखि बेलुकी ४-५ बजेसम्म गीत गाएँ । त्यहाँ पनि १०-१२ हजार भएको रहेछ, त्यही पैसा लिएर म काठमाडौं आएँ । काठमाडौंमा संयोगवश एक जना **फादर थोमस ग्याफ्ने** भन्ने अमेरिकन नागरिकको शरण पाएँ । वहाँकै सहयोगमा नै मैले डिप्लोमासम्म पढें । र, वहाँकै देन स्वरुप म यहाँसम्म आइपुगेको छु ।

संसारमा राम्रो मान्छेलाई चाँडै नजर लाग्दो रहेछ । फादर ग्याफ्नेलाई २०५४ सालतिर वहाँकै निवासमा कसैले हत्या गरिदियो । त्यो घटना पनि मेरो जीवनको अर्को दुःखद घटनाहरू मध्ये पर्दछ ।

रेडियो नेपालमा गीत गाउने उद्देश्य लिएर आएको मान्छे स्टुडियोमा पुग्दा स्वर परीक्षा पास गर्नुपर्छ भन्ने थाहा पाएपछि २०४७ सालमा स्वर परीक्षा पास गरे । सांगीतिक क्षेत्रमा हिंड्न मलाई लोक गायक बमबहादुर दाईले धेरै सहयोग गर्नु भयो । म्यूजिक नेपालको प्रबन्ध सञ्चालक सन्तोष शर्माले मलाई एउटा एल्बम रेकर्ड गरिदिने वचन दिए अनुरूप २०४८ सालमा **'दुःखको भुमरी'** नामक एल्बम बजारमा ल्याउन सहयोग गरिदिनु भयो । त्यो एल्बम मेरो आफ्नै जीवनसँग सम्बन्धीत शब्दहरू बढी प्रयोग भएको एकल मेरो एल्बम हो । त्यसपछि दोहोरी गीतहरू पनि गाउन थालें । यसरी संगीतमा निरन्तरको प्रयासले संगीत क्षेत्रमा वरिष्ठ व्यक्तित्वहरूसँग परिचित हुँदै गएँ भने श्रोताहरूको मायाले नै अहिले यो अवस्थासम्म ल्याइपुऱ्याएको छ ।

### वैवाहिक जीवन

मेरो विवाह यही गीत संगीतले नै गरिदिएको हो । मेरो श्रीमति (मिना पुन) पनि कलाकार नै हुन् । धौलागिरी सांस्कृतिक संगम, बागलुङ्गमा २/४ जना कलाकार साथीहरूको सक्रियतामा खोलिएको संस्थामा ऊ पनि गीत गाउँदा रहेछन् । र, साँस्कृतिक महोत्सव, राष्ट्रिय सभागृहमा हुँदा वहाँहरूसँग मेरो भेट भयो । वहाँहरूको माग भए बमोजिम एउटा गीत गाउँदा श्रीमतिसँग मेरो आँखा जुध्यो । श्रीमतिले मेरो गीत सुनिसकेको रहेछन् । एकप्रकारले मेरो फ्यान नै रहेछिन् ।

मेरो गीत सुनेको भएतापनि मेरो बारे उनलाई जानकारी रहेनछ । म व्हिल चेयरमा गीत गाउँदा, चेयरमा नै हिंड्दा यो कस्तो स्वाङ्ग पार्ने मान्छे रहेछ । जुरूक्क उठेर नहिंडेर कुर्सीमा बसेर गीत गाउनु पर्ने भन्ने सोचाई त्यतिबेला उनको मनमा उठेको रहेछ । ती कुराहरू आजभोलि मलाई सुनाउने गर्छिन् । यसरी गीत गाएपछि हाम्रो बोलचाल भयो, उनले मसँग विवाह गर्ने प्रस्ताव राखिन् । म पनि सोझो मान्छे सहर्ष स्वीकार गरें ।

**खड्ग गर्बुजासँगको प्रश्न/उत्तर**

**प्रश्न : तपाई सन्तुष्ट हुनुहुन्छ ?**

म धेरै सन्तुष्ट छु । म लाहुरे भएको भए पैसा कमाउँथे त्यो आफ्नै ठाउँमा छ । तर जुन रूपमा मलाई धेरै मान्छेहरूले चिन्छन् । पहिले पहिले अपाङ्ग नभएको भए- लाहुरे हुने मान्छे, यस्तो भइयो भन्ने सोंच आउँथ्यो तर श्रोताहरूको माया पाउँदा त्यतातिरको दुःखान्त क्षणलाई बिर्साइदिएको छ, चित्त बुझेको छ । अहिले केही हदसम्म आफ्नो जीविकोपार्जन गर्न सक्ने अवस्थामा छु । दामभन्दा पनि ठूलो कुरा समाजमा नैतिक हिसाबले सम्मानित भएर बस्नु नै ठूलो कुरा हो जस्तो लाग्छ ।

**प्रश्न : भाग्यलाई कत्तिको मान्नु हुन्छ ?**

म भाग्यलाई मान्दिन । भाग्य भनेको कर्ममा भर पर्ने कुरा हो । भाग्य आफुले निर्माण गर्ने कुरा हो । सबभन्दा ठूलो कर्म नै हो । कर्म गर्दै गयो भने कर्म अनुरूप फल पाइन्छ ।

**प्रश्न : यो अवस्थामा आइपुगेपछि कस्तो महसुस गर्नु भएको छ ?**

अहिले सम्झेर आफै दंग परेको छु । चल्न नसक्ने अवस्थामा रहेको मान्छे, यस क्षेत्रमा कसैको सहारा बिना एक्लै काठमाडौंको भीडभाडमा आएर म आफु कसरी बस्न सकें ? केही गर्न सक्दैन भनेर बसेको भए गाउँमै हुन्थे । मान्छेको सोचाई भन्ने चिज ठूलो हो, रहेछ । केही गर्ने विचारले मलाई यहाँसम्म डोऱ्याएको छ ।

**प्रश्न : तपाईको परिवारको सोचाई कस्तो छ, खासगरि बाबाको ?**

एउटा अपाङ्ग छोरा झण्डै गाउँघरमै कुहिएर मरेको थिइस् । काठमाडौं आएर यसरी सम्मानित जीवन जीउँदै छस् । काठमाडौंमा घर बनाइस्, राम्रो गरिस् भन्नुहुन्छ । वहाँ अनपढ मान्छे मेरो बारेमा त्यति बढी थाहा पनि छैन । छोरालाई काठमाडौं नजा भनको थिएँ अहिले घर बनाएर बसेको छ भन्दै खुशी छन् ।

**प्रश्न : अपाङ्ग नभएको भए तपाई के हुनुहुन्थ्यो ?**

अपाङ्ग नभएको भए र भाग्यले साथ दिएको भए भर्ती हुन्थे, लाहुरे भइन्थ्यो । नभएको भए गाउँमै हलो जोतेर बसिन्थ्यो होला ।

**प्रश्न : संगीत सम्बन्धी कुनै प्रशिक्षण लिनु भएको छ ?**

क्लासिक संगीतमा मैले २ वर्ष प्रशिक्षण लिएको छु । मेरो विद्या भनेको त लोक गायन हो । तर क्लासिकल चाहिं सिक्ने क्रममा बेसिकको रूपमा प्रशिक्षण लिएको हुँ । गर्नु र सिक्नु थुप्रै बाँकी छ ।

**प्रश्न : अविस्मरणीय क्षण ?**

मेरो दुर्घटना पनि एउटा अविस्मरणीय क्षण नै हो । तर २०४८ सालमा मेरो आमा बित्नु भयो, जसको जानकारी मैले पाइन् । मलाई जन्म दिने आमाको मृत्यु हुँदा मैले खबर पाउनु पर्थ्यो तर काजक्रिया पश्चात मात्र थाहा पाएँ । जुन मेरो जीवनको सबैभन्दा दुःखद क्षण हो भन्छु ।

February 7, 2008, Kathmandu